सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ बर्षः ८ संख्या : ६३ मितिः आषाढ २३ गते, २०८१

## भाग- २

## नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८१

**प्रस्तावनाः**

नेपालको संविधानमा एकल अधिकार अन्तर्गत रहेको नगर प्रहरीलाई प्रभावकारी रुपमा परिचालन गरी सिद्धार्थनगर नगरपालिकाको नीति, कानुन तथा निर्णय कार्यान्यनमा अपेक्षित उपलब्धी हासिल गर्न तथा सहरी सुव्यव्थापनका विविध क्षेत्रमा सुधार गर्न नगर प्रहरीमार्फत प्रवाह हुने सेवालाई सक्षम, सेवामुलक, जनउत्तरदायी र गुणस्तरीय बनाउन आवश्यक कानुनी व्यवस्था गर्न बान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) र सिद्धार्थनगर नगरपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी सिद्धार्थनगर नगरपालिकाको नगर प्रहरी बल ऐन, २०८१ को दफा २२ बमोजिम सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी यो कार्यबिधि लागु गरेको छ।

१ **संक्षिप्त नाम र प्रारम्भः** १. यस कार्यविधिको नाम **"नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८१"** रहेको छ ।

२. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ ।

२ **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **"ऐन"** भन्नाले स्थानीय सरकार सन्चालन ऐन, २०७४ र नगर प्रहरी बल ऐन, २०८१ सम्झनु पर्दछ ।

ख. **"नगरपालिका"** भन्नाले सिद्धार्थनगर नगरपालिकालाई सम्झनु पदर्छ ।

ग. **"नगर प्रहरी"** भन्नाले नगर प्रहरी निरीक्षक, नगर प्रहरी सहायक निरिक्षक र नगर प्रहरी जवानलाई सम्झनु पर्दछ ।

घ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिद्धार्थनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ. **"समिति"** भन्नाले सिद्धार्थनगर नगरपालिकाको नगर प्रहरीको विभिन्न पदमा पदपूर्ति गर्न बनेको समिति सम्झनु पर्दछ ।

च. **"सेवा करार"** भन्नाले यस कार्यविधि बमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने संझौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

**३ कार्यविधीको व्याख्याः**

(१) यो कार्यबिधिको कार्यान्वयन गर्ने क्रममा कुनै पनि दफाको व्याख्या गर्नु परेमा नगर कार्यपालिकाले गर्नेछ ।

(२) यस कार्यबिधीको दफा ३(१) को बमोजिम गर्नु परेमा नगर कार्यपालिकाले निवेदन पेश भएको मितिले ३० दिनभित्र निर्णय गरिसक्नु पर्नेछ ।

**४ पदपुर्ति सम्बन्धि व्यवस्थाः**

१. नगर प्रहरी पदपुर्ति सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

क. शारीरिक तन्दुस्ती सम्बन्धि

ख. लिखित परीक्षा

ग. मौखिक परीक्षा

तर शारीरिक परीक्षा उर्तिण भएको उम्मेदवार मात्र लिखित परीक्षामा सहभागी हुन पाउनेछन् । र लिखित परीक्षा उर्तिण भएका उम्मेदवारहरु मौखिक परीक्षामा सहभागी हुन पाउनेछन् ।

२. शारीरिक तन्दुरुस्तीको परीक्षाका लागि लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र बुटवललाई जिम्मेवार दिन सक्नेछ ।

**५ खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यताः**

**(१) नगर प्रहरी निरीक्षक पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछः**

(क) दरखास्त आह्वान गरेको अन्तिम म्याद सम्म (दोब्बर दस्तुर बाहेक) २१ वर्ष उमेर पुगेको र २७ वर्ष  ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने नेपाली सेना,



सिद्धार्थनगर नगरपालिका

सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा नेपाल भन्दा बाहिर देशको सेना तथा प्रहरीबाट अवकास लिई आएको नेपाली नागरिकको हकमा ४० वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(ङ) छाती नफूल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको ।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

**(२) सहायक निरीक्षक पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ ।**

(क) दरखास्त आह्वान भएको सालको अन्तिम म्याद सम्म (दोब्बर दस्तुर बाहेक) १८ वर्ष उमेर पुगेको र २७ वर्ष ननाघेको तर खुल्ला प्रतियोगितामा भाग लिने नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा नेपाल भन्दा बाहिर देशको सेना तथा प्रहरीबाट अवकास लिई आएको नेपाली नागरिकको हकमा ३५ वर्ष ननाघेको ।

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको ।

(ग) उप दफा (१) खण्ड (ग) देखि (ज) सम्मका सबै शर्त पूरा गरेको ।

**(३) नगर प्रहरी जवान पदको आवश्यक योग्यता देहाय अुनसार हुनेछ ।**

(क) दरखास्त दिने सालको अन्तिम म्याद सम्म (दोब्बर दस्तुर बाहेक) १८ वर्ष उमेर पूरा भएको २४ वर्ष ननाघेको। तर खुल्ला प्रतियोगितामा भाग लिने नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा नेपाल भन्दा बाहिर देशको सेना तथा प्रहरीबाट अवकास लिई आएको नेपाली नागरिकको हकमा ३५ वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको।

(ग) उपदफा (१) को खण्ड (ग) देखि (ज) सम्मका सबै शर्त पूरा गरेको ।

(४) सुरक्षा निकायबाट आधारभूत तालिम लिए पश्चात मात्र जिम्मेवार दिईनेछ ।

**६ योग्यताक्रम सूची र नियुक्ति सम्बन्धी व्यवस्थाः**

(१) समितिले उम्मेदवारहरुले लिखित परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी नियुक्तिका लागि सिफारिश पेश गर्नेछ । यसरी सिफारिस गर्दा कूल रिक्त पदको वढीमा १५ प्रतिशत सम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारको सूची समेत राखिनेछ ।

(२) यसरी समितिबाट पदपूर्तिका लागि सिफारिस भै आएपछि प्रमुख प्रशासकीय अधिकृतले ७ दिन भित्र नियुक्ति पत्र दिनेछन्।

(३) वैकल्पिक उम्मेदवारले १ वर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

(४) सुरक्षा निकायबाट आधारभूत तालिम लिए पश्चात मात्र नगर प्रहरीको जिम्मेबारी दिईनेछ ।

७ **<u>विदा सम्बन्धी व्यवस्थाः</u>**

नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको विदा पाउनेछन् ।

(१) भैपरी आउने विदाः १२ दिन

(२) किरिया बिदाः १५ दिन

(३) सट्टा विदाः आवश्यकता अनुसार

कुनै पनि सार्वजनिक विदाको दिन डिउटीमा खटिए वापत नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई कार्यालय प्रमुखले पालो मिलाई सट्टा विदा दिन सक्नेछन् । तर यस्तो बिदा एकपटकका दुई दिन भन्दा बढी हुने छैन ।

८ **कार्यविधि संशोधनः** नगर कार्यपालिकाले यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा ऐनको परिधिभित्र रही आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

**आज्ञालेः**

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत